रत्ननगर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## कृषि विकास शाखा

रत्ननगर, चितवन

**रत्ननगर कृषि क्यालेण्डर**




### वैशाख महिनामा गरिने केही प्रमुख कृषि कर्महरु

**खेतीपाती**

- चैते धानलाई गोडमेल गरी सिँचाई र युरिया मल दिने।
- धान खेतको उर्वराशक्ति सुधार्न गहुँ काटिसकेपछि प्रति हेक्टर ५० के.जी. का दरले ढैंचा छरेर हरियो मल बनाउने।
- सदाबहार फलफूल बगैंचा स्थापनाको लागि रेखाङ्कन, खाडल तयारी मल र माथिल्लो सतहको माटो मिसाई पुर्ने।
- उच्च पहाडी क्षेत्रमा ओखले –१ र काभ्रे जातको उन्नत कोदोको व्याड राख्ने।
- पहाडी क्षेत्रमा मकै खेतीमा गोडमेल तथा मलजलको व्यवस्था मिलाउने।
- अन्न भण्डारमा लाग्ने रागे र कीरा नियन्त्रण गर्न नीम, टिमुर, बोभ्मो, तितेपाती, तोरीको तेल प्रयोग गर्ने।
- तराई, भित्री मधेश र वेशीतिर वर्षे मकै छर्न शुरु गर्ने।

**पशुपालन**

- पशुहरुको आहारमा पोषिलो हरियो घाँसको मात्रा बढाउन टियोसेन्टी, जुनेली सुडान, बाजरा, दिनानाथ आदि घाँसको बीउ छर्ने।
- भ्यागुते र चरचरे रोग फैलिने समय भएकोले रोग बारे सतर्क रही नियन्त्रणको लागि आवश्यक व्यवस्था मिलाउने।

### जेष्ठ महिनामा गरिने केही प्रमुख कृषि कर्महरु

**खेतीपाती**

- धानको सिफारिस भएको जातको व्याड राख्ने।
- मध्य पहाडमा मकै बालीभित्र कोदो रोप्ने।
- फलफूल बगैंचाका बोटबाट अनावश्यक सकरहरु/चोर हाँगाहरु हटाउने।
- सदाबहार फलफूलका बोटहरुमा ढुसी रोगनाशक विषादी छर्ने।
- चैते धानमा पतेरो कीरा लाग्ने सम्भावना हुने भएकोले नियन्त्रण गर्न आवश्यक प्रक्रिया अपनाउने।
- पहाडी क्षेत्रमा हार्डी, सेती, रान्सम र लुम्ले भटमास–१ जातका उन्नत भटमास रोप्ने।
- जुनार, सुन्तलाको फेद कुहिने रोग नियन्त्रण गर्न बोर्डो पेष्ट लगाउने।

**पशुपालन**

- तराई तथा मध्य पहाडमा बहुवर्षीय घाँसको बीउ छर्ने।
- गाईवस्तुलाई खोरेत रोग विरुद्ध खोप लगाउने।
- गाईवस्तुलाई आन्तरिक परजीवीबाट बचाउन जुकाको औषधी खुवाउने।

## वैशाख २०७८ — April/May 2021

| आइतबार SUN | सोमबार MON | मङ्गलबार TUE | बुधबार WED | बिहीबार THU | शुक्रबार FRI | शनिबार SAT |
|---|---|---|---|---|---|---|
| विवाह मुहूर्ता: १०,११,१७ र २४ गते। | अन्नप्राशन मुहूर्ता: ६, २० र ३१ गते। | गृहारम्भ मुहूर्त: ११ गते।<br>गृहप्रवेश मुहूर्ता: ११ र २५ गते। | द्वितीया<br>नयाँ वर्ष<br>**१**<br>Apr. 14 | तृतीया<br>**२**<br>15 | चतुर्थी<br>**३**<br>16 | पञ्चमी<br>**४**<br>17 |
| षष्ठी<br>**५**<br>18 | सप्तमी<br>**६**<br>19 | अष्टमी<br>चैते दशैं<br>**७**<br>20 | श्रीराम नवमी<br>छन्द दिवस<br>**८**<br>21 | दशमी<br>पृथ्वी दिवस<br>**९**<br>22 | कामदा एकादशी<br>**१०**<br>23 | द्वादशी<br>लोकतन्त्र दिवस<br>**११**<br>24 |
| त्रयोदशी<br>महावीर जयन्ती<br>**१२**<br>25 | चतुर्दशी<br>**१३**<br>26 | पूर्णिमा<br>**१४**<br>27 | प्रतिपदा/द्वितीया<br>राष्ट्रिय चिया दिवस<br>**१५**<br>28 | तृतीया<br>**१६**<br>29 | चतुर्थी<br>**१७**<br>30 | पञ्चमी<br>श्रमिक दिवस<br>**१८**<br>May 1 |
| षष्ठी<br>**१९**<br>2 | सप्तमी<br>वि. प्रेस स्वतन्त्रता दिवस<br>**२०**<br>3 | अष्टमी<br>**२१**<br>4 | नवमी<br>**२२**<br>5 | दशमी<br>**२३**<br>6 | बरुथिनी एकादशी<br>NARC दिवस<br>**२४**<br>7 | द्वादशी<br>विश्व रेडक्रस दिवस<br>**२५**<br>8 |
| त्रयोदशी<br>कानून दिवस<br>**२६**<br>9 | चतुर्दशी<br>**२७**<br>10 | मातातीर्थ औंशी<br>आमाको मुख हेर्ने<br>**२८**<br>11 | प्रतिपदा<br>**२९**<br>12 | द्वितीया<br>**३०**<br>13 | अक्षय द्वितीया<br>परशुराम जयन्ती<br>**३१**<br>14 | |

## जेष्ठ २०७८ — May/June 2021

| आइतबार SUN | सोमबार MON | मङ्गलबार TUE | बुधबार WED | बिहीबार THU | शुक्रबार FRI | शनिबार SAT |
|---|---|---|---|---|---|---|
| तृतीया<br>**३०**<br>13 | चतुर्थी<br>**३१**<br>14 | व्रतबन्ध मुहूर्त: ९ गते। | विवाह मुहूर्ता: ७,८,१०,१५,२०, २१ र २२ गते। | अन्नप्राशन मुहूर्ता: ३ र १० गते। | गृहप्रवेश मुहूर्ता: ८, १०, २१ र २२ गते। | तृतीया<br>**१**<br>May 15 |
| चतुर्थी<br>**२**<br>16 | पञ्चमी<br>**३**<br>17 | षष्ठी<br>**४**<br>18 | सप्तमी<br>**५**<br>19 | अष्टमी<br>**६**<br>20 | नवमी/दशमी<br>**७**<br>21 | मोहिनी एकादशी<br>**८**<br>22 |
| द्वादशी<br>**९**<br>23 | त्रयोदशी<br>**१०**<br>24 | चतुर्दशी<br>श्रीनृसिंह जयन्ती<br>**११**<br>25 | बुद्ध पूर्णिमा<br>गौतमबुद्ध जयन्ती<br>उभौली पर्व<br>**१२**<br>26 | प्रतिपदा<br>**१३**<br>27 | द्वितीया<br>**१४**<br>28 | तृतीया<br>गणतन्त्र दिवस<br>**१५**<br>29 |
| चतुर्थी<br>**१६**<br>30 | पञ्चमी<br>वि. धुम्रपानरहित दिवस<br>**१७**<br>31 | षष्ठी<br>**१८**<br>June 1 | सप्तमी<br>**१९**<br>2 | अष्टमी<br>**२०**<br>3 | नवमी<br>**२१**<br>4 | दशमी<br>वि. वातावरण दिवस<br>**२२**<br>5 |
| अपरा एकादशी<br>**२३**<br>6 | द्वादशी<br>**२४**<br>7 | त्रयोदशी<br>**२५**<br>8 | चतुर्दशी<br>**२६**<br>9 | औंशी<br>राष्ट्रिय कृषक दिवस<br>**२७**<br>10 | प्रतिपदा<br>**२८**<br>11 | द्वितीया<br>**२९**<br>12 |

रत्ननगर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## कृषि विकास शाखा

रत्ननगर, चितवन

## रत्ननगर कृषि क्यालेण्डर






नेशनल एग्रिकल्चर हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि., रत्ननगर, चितवन

### असार महिनामा गरिने केही प्रमुख कृषि कर्महरु

**खेतीपाती**

- धान रोपाई शुरु गर्ने।
- हरियोमल जोतेर एकहप्ता कुहाउने त्यसपछि धान रोप्ने।
- फूलहरु कम फुल्ने भएकोले मौरीलाई चिनी चास्नी दिने।
- सदाबहार वर्गका फलफूल बिरुवा तयार गरी खाडलमा मिलाउने।
- चैते धान थन्काउने।
- भित्री मधेश र तराईमा बागेश्वरी, रामपुर १ जातका रहर रोप्ने।
- उच्च पहाडी भेकमा आलुको बीउ छनौट गर्ने।
- महिनाको अन्ततिर अगौटे काउलीको बीउ अग्लो ब्याडमा पातलो हुने गरी राख्ने।
- वर्षे गोलभेंडा खेती गर्ने ठाउँमा गोलभेंडाको बेर्ना सार्ने।

**पशुपालन**

- मध्य पहाडमा बहुवर्षिय नेपीयर घाँसको सेटहरु सार्ने।
- पशुवस्तुमा खोरेत विरुद्ध खोप लगाउने नाम्ले/माटे रोग लाग्न सक्ने हुँदा पुनः एकपटक औषधी खुवाउने।
- धेरै जसो गाईभैंसीहरु ब्याउने समय यही हो। ज्यादै दुब्लापातला माउहरुमा भण्डार फर्कने, साल नझर्ने, ब्याउन कठिन हुने समस्याहरु आउन सक्ने भएकाले पोषिलो घाँस तथा दाना खुवाउने।

### साउन महिनामा गरिने केही प्रमुख कृषि कर्महरु

**खेतीपाती**

- तराई र भित्री मधेशमा धान रोपाईमा निरन्तरता दिने।
- तराईमा हरियो मल पल्टाउने कार्य गर्ने।
- बेसी र खोंचमा ड्याङ्ग पारी अगौटे काउली लगाउने।
- साउने जातको अलैंची टिप्ने।
- बगैंचामा पानीको निकासको राम्रो प्रबन्ध गर्ने।
- वर्षे फलफूल बगैंचामा गोडमेल र सरसफाइ गर्ने।
- मध्य तथा तल्लो पहाडी भेगमा मकै भाँचेपछि ६/७ दिन घाममा सुकाएर मात्र भण्डार गर्ने।
- मध्यपहाडका केही भागमा बारीमा मकै भाचेर वा मकैसँगै कोदो रोप्ने तथा बारीमा भटमास रोप्ने।
- सुन्तला जातको फलफुलमा पात खाने कीरा र पतेरो नियन्त्रण गर्न सिफारिस भएको विषादी छर्ने।
- सुन्तला बोटका हाँगा रोगले कुहिएको भए कुहिएको बोक्राहरु हटाई बोर्डेक्स पेष्ट लगाउने तथा जरा कुहिने समस्या भए चुन र निलोतुथो बराबर मात्रामा मिसाई बनाएको घोलले बोटको वरिपरि छर्ने।
- आँप, लिचि लगायतका फलफूलहरुमा फल टिपिसकेपछि राम्ररी पाकेको गोठेमल प्रति बोट १–२ डोको खाल्टो खनेर माटोमा मिलाउने।
- असारको शुरुमा रोपिएको धानमा यस महिनाको अन्त्यतिर युरिया मल दिने।

**पशुपालन**

- हरियो घाँस बढी भएमा हे र साइलेज बनाएर राख्ने।
- गाई, भैंसीका पाडापाडी, बाच्छाबाच्छीलाई जन्मेको ३/३ हप्ताको उमेरमा जुकाको औषधी खुवाउने।

## असार २०७८ — June/July 2021

| आइतबार SUN | सोमबार MON | मङ्गलबार TUE | बुधबार WED | बिहीबार THU | शुक्रबार FRI | शनिबार SAT |
|---|---|---|---|---|---|---|
| विवाह मुहूर्तः ४, ५, ६, ७, १०, १२, १७, १८ र ३१ गते। | व्रतबन्ध मुहूर्तः ६,७ र २७ गते। | पञ्चमी १ June 15 | षष्ठी २ 16 | सप्तमी ३ 17 | अष्टमी ४ 18 | नवमी ५ 19 |
| दशमी ६ 20 | निर्जला एकादशी ७ 21 (तुलसी बिऊ रोप्ने) | द्वादशी ८ 22 | त्रयोदशी/चतुर्दशी ९ 23 | पूर्णिमा १० 24 (गैंडु पूजा) | प्रतिपदा ११ 25 (भूमि पूजा) | द्वितीया १२ 26 |
| तृतीया १३ 27 | चतुर्थी १४ 28 (राष्ट्रिय वृक्षारोपण दिवस) | पञ्चमी १५ 29 (दहीच्यूरा खाने दिन, राष्ट्रिय धान दिवस) | षष्ठी १६ 30 | सप्तमी १७ July 1 | अष्टमी १८ 2 (खेलकुद पत्रकार दिवस) | नवमी १९ 3 |
| दशमी २० 4 | योगिनी एकादशी २१ 5 | द्वादशी २२ 6 | त्रयोदशी २३ 7 | चतुर्दशी २४ 8 | औंशी २५ 9 | औंशी २६ 10 |
| प्रतिपदा २७ 11 (जनसंख्या दिवस) | द्वितीया २८ 12 | तृतीया २९ 13 (भानु जयन्ती) | चतुर्थी ३० 14 | पञ्चमी/षष्ठी ३१ 15 | अन्नप्राशन मुहूर्तः १७ र ३१ गते। | |

## साउन २०७८ — July/Aug. 2021

| आइतबार SUN | सोमबार MON | मङ्गलबार TUE | बुधबार WED | बिहीबार THU | शुक्रबार FRI | शनिबार SAT |
|---|---|---|---|---|---|---|
| सप्तमी ३१ 15 | अष्टमी/नवमी ३२ 16 | अन्नप्राशन मुहूर्तः ११, २२ र २९ गते। | गृहारम्भ मुहूर्तः ९ गते। | | सप्तमी १ July 16 (लुतो फाल्ने दिन, थारु गुरिया पर्व) | अष्टमी २ 17 |
| नवमी ३ 18 | दशमी ४ 19 | हरिशयनी एकादशी ५ 20 (तुलसी रोप्ने दिन) | द्वादशी ६ 21 | त्रयोदशी ७ 22 | चतुर्दशी ८ 23 | पूर्णिमा ९ 24 |
| प्रतिपदा/द्वितीया १० 25 | तृतीया ११ 26 | चतुर्थी १२ 27 | पञ्चमी १३ 28 | षष्ठी १४ 29 | षष्ठी १५ 30 (खीर खाने दिन) | सप्तमी १६ 31 |
| अष्टमी १७ Aug. 1 | नवमी १८ 2 | दशमी १९ 3 | कामिका एकादशी २० 4 | द्वादशी २१ 5 | त्रयोदशी २२ 6 | चतुर्दशी २३ 7 |
| औंशी २४ 8 | प्रतिपदा २५ 9 (वि. आदिवासी दिवस) | द्वितीया २६ 10 | तृतीया २७ 11 | चतुर्थी २८ 12 | नाग पञ्चमी २९ 13 (नाग टाँस्ने दिन) | षष्ठी ३० 14 |

**फोन**: ०५६-५६०५२९, ५६०५०६ | E-mail: ratna.municipal@gmail.com, agri.ratnanagarmun@gmail.com | Website: www.ratnanagarmun.gov.np

## रत्ननगर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## कृषि विकास शाखा

रत्ननगर, चितवन

**रत्ननगर कृषि क्यालेण्डर**




### भदौ महिनामा गरिने केही प्रमुख कृषि कर्महरू

**खेतीपाती**

- धानमा गबारो लागेमा नियन्त्रण गर्ने।
- धानबालीमा गोडमेल गरी पहिलो टप ड्रेसिङ गरेको २५–३० दिनपछि ६० के.जी./हे. का दरले युरिया मलले दोस्रो ड्रेसिङ गर्ने।
- डम्बरसाई जातको अलैंची टिप्ने।
- भदौको दोस्रो हप्तासम्म पाखो बारीमा मकै भाँचेपछि आकाश र प्रकाश जातको बोडी रोप्ने। बीउको लागि छानेको मकै तथा भण्डार गरिएका अन्नहरु एकपटक हेरेर राम्ररी सुकाउने र मेटल बीन वा सुपर ग्रेन व्यागमा राख्ने।
- स्याउको भुवादार लाही किरा नियन्त्रण गर्ने।
- तल्लो पहाडी भेगमा बेमौसमी प्याजको गाना र उत्पादन गर्न प्याजका मसिना दाना (सेट) रोप्ने।
- अगौटे काउली, बन्दाको बेर्ना सार्ने र आवश्यकता अनुसार युरियाले टपड्रेसिङ्ग गर्ने।
- मुला, रायो जस्ता तरकारीको बिउ छर्ने।
- भदौको पहिलो हप्तासम्म मास छरीसक्ने।
- पतझड फलफूलहरुमा फल टिपीसकेपछि राम्ररी पाकेको गोठे मल प्रति बोट १–२ डोको खाल्टो खनेर माटोमा मिसाउने।

**पशुपालन**

- गाई, भैंसीलाई भ्यागुते रोग विरुद्ध खोप लगाउने।
- बर्षायाममा भेडा–बाख्रालाई सुधारिएको गोठ बनाई राख्ने।
- गाई भैंसीहरु समयमा बाली नगएको भए नजिकको पशुसेवा केन्द्रमा सम्पर्क गर्ने।
- जै घाँसलाई केराउसँग मिसाएर छर्ने।

### असोज महिनामा गरिने केही प्रमुख कृषि कर्महरू

**खेतीपाती**

- धानबालीमा पतेरोको प्रकोप देखिएमा नियन्त्रण गर्ने ब्लाष्ट रोगबाट बचाउन बाला निस्कनु अगावै १ पटक र त्यसको ७ देखि १० दिनपछि अर्को पटक सिफारिस विषादीको प्रयोग गर्ने देखि १० दिनपछि अर्को पटक सिफारिस विषादीको प्रयोग गर्ने।
- मास तथा भटमास बालीमा भुसिलकिरा देखिएमा संकलन गरेर नष्ट गर्ने।
- मध्य पहाडमा काउली, ग्याँठगोवी, मुला, सलगम, रायो, स्विसचार्ड, पालुङ्गो, केराउ, चमसुर, लसुन आदि लगाउने।
- तराई र भित्री मधेश क्षेत्रमा असोजको अन्त्यदेखि आलु रोप्न शुरु गर्ने। आलु रोप्नुभन्दा १५–२० दिन पहिले बीउ उज्यालो ठाउँमा पातलो गरी फिजाउनाले मोटा र धेरै टुसाहरु आउँछन् र उत्पादन बढ्छ।
- सुन्तला जात फलफूलमा लाग्ने औंसा कीरा नियन्त्रणको लागि फेरोमोन ट्र्यापको प्रयोग गर्ने तथा चोर हाँगा, सुकेका हाँगा, फेद र जरा कुहिएका बोट भएमा काटेर फाली बोर्डेक्स पेन्ट लगाउने।
- मध्य पहाडमा कुफ्रिज्योति, एन.पि.आई. १०६, डेजिरे, कार्डिनल र तराईमा कुफ्रि सुन्दरी, कार्डिनल जातका आलु लगाउने।
- रामसाई, गोलसाई जातका अलैंची टिप्ने।
- शरदकालिन उखुको लागि जग्गा तयार गर्ने।
- सदाबहार फलफूलहरुमा गोडमेल र मलजल गरी छापो दिने।

**पशुपालन**

- जै घाँस र केराउको मिश्रण तथा चरनको लागि उपयुक्त बहुवर्षीय घाँस कक्सफुट, ह्वाईट क्लोभर आदि घाँस छर्ने।
- बाख्रालाई शरीरको वजन अनुसार जुका, चुर्नाको औषधी खुवाई प्रभावकारी नियन्त्रण गर्ने।
- भर्खर व्याएका वा दुहुना गाईभैंसीमा थुनेलो रोग लाग्न सक्ने भएकाले यसबाट बच्नको लागि उचित उपाय गर्ने र रोग लागिहालेमा नजिकको पशु स्वास्थ्य केन्द्रमा सम्पर्क गरी उपचार गर्ने।

## भदौ २०७८ — Aug./Sept. 2021

| आइतबार SUN | सोमबार MON | मङ्गलबार TUE | बुधबार WED | बिहीबार THU | शुक्रबार FRI | शनिबार SAT |
|---|---|---|---|---|---|---|
| अन्नप्राशन मुहूर्ताः ४, १६ र २४ गते। | | दशमी<br>१<br>Aug. 17 | पुत्रदा एकादशी<br>२<br>18 | द्वादशी<br>३<br>19 | त्रयोदशी<br>४<br>20 | चतुर्दशी<br>५<br>21 |
| जनै पूर्णिमा<br>संस्कृत दिवस<br>६<br>रक्षाबन्धन<br>22 | प्रतिपदा<br>गाईजात्रा<br>७<br>23 | द्वितीया<br>८<br>24 | तृतीया<br>९<br>25 | चतुर्थी<br>१०<br>26 | पञ्चमी<br>११<br>27 | षष्ठी<br>१२<br>28 |
| सप्तमी<br>१३<br>29 | अष्टमी<br>श्रीकृष्णजन्माष्टमी<br>१४<br>गौरा पर्व<br>30 | नवमी<br>श्रीकृष्ण रथयात्रा<br>१५<br>31 | दशमी<br>१६<br>Sept. 1 | अजा एकादशी<br>१७<br>2 | द्वादशी<br>१८<br>3 | द्वादशी<br>१९<br>4 |
| त्रयोदशी<br>२०<br>5 | चतुर्दशी<br>२१<br>6 | कुशेऔंशी/प्रतिपदा<br>बाबुको मुख हेर्ने दिन<br>२२<br>निजामति सेवा दिवस<br>मोतीराम जयन्ती<br>7 | द्वितीया<br>तीजको दरखाने<br>२३<br>8 | तृतीया<br>हरितालिका तीज<br>२४<br>(महिला बिदा)<br>9 | चतुर्थी<br>२५<br>10 | ऋषिपञ्चमी<br>सप्तऋषि पूजा<br>२६<br>11 |
| षष्ठी<br>२७<br>12 | सप्तमी<br>२८<br>13 | अष्टमी<br>बाल दिवस<br>२९<br>14 | नवमी<br>30<br>15 | दशमी<br>३१<br>16 | | |

## असोज २०७८ — Sept./Oct. 2021

| आइतबार SUN | सोमबार MON | मङ्गलबार TUE | बुधबार WED | बिहीबार THU | शुक्रबार FRI | शनिबार SAT |
|---|---|---|---|---|---|---|
| द्वादशी<br>३१<br>17 | अन्नप्राशन मुहूर्ताः ७ र २२ गते। | | | | हरिपरिवर्तिनी एकादशी<br>विश्वकर्मा पूजा<br>१<br>Sept. 17 | द्वादशी/त्रयोदशी<br>२<br>18 |
| चतुर्दशी<br>संविधान दिवस<br>३<br>19 | पूर्णिमा<br>चेपाङ-चोनाम पर्व<br>४<br>20 | प्रतिपदा<br>विश्व शान्ति दिवस<br>५<br>प्रतिपदा श्राद्ध<br>21 | द्वितीया<br>द्वितीया श्राद्ध<br>६<br>22 | द्वितीया<br>तृतीया श्राद्ध<br>७<br>23 | तृतीया<br>चतुर्थी श्राद्ध<br>८<br>24 | चतुर्थी<br>पञ्चमी श्राद्ध<br>९<br>25 |
| पञ्चमी<br>षष्ठी श्राद्ध<br>१०<br>26 | षष्ठी<br>सप्तमी श्राद्ध<br>११<br>पर्यटन दिवस<br>27 | सप्तमी<br>१२<br>28 | अष्टमी<br>अष्टमी श्राद्ध<br>१३<br>जितिया पर्व<br>29 | नवमी<br>नवमी श्राद्ध<br>१४<br>30 | दशमी<br>दशमी श्राद्ध<br>१५<br>Oct. 1 | इन्दिरा एकादशी<br>एकादशी श्राद्ध<br>१६<br>वि.अहिंसा दिवस<br>2 |
| द्वादशी<br>द्वादशी श्राद्ध<br>१७<br>गुणस्तर दिवस<br>3 | त्रयोदशी<br>त्रयोदशी श्राद्ध<br>१८<br>4 | चतुर्दशी<br>चतुर्दशी श्राद्ध<br>१९<br>5 | औंशी<br>दर्शश्राद्ध<br>२०<br>पितृ विसर्जन<br>6 | प्रतिपदा<br>घटस्थापना<br>२१<br>नवरात्रारम्भः<br>7 | द्वितीया<br>२२<br>8 | तृतीया<br>२३<br>9 |
| चतुर्थी<br>२४<br>10 | पञ्चमी/षष्ठी<br>२५<br>11 | सप्तमी<br>फूलपाती<br>२६<br>12 | अष्टमी<br>महाअष्टमी<br>२७<br>कालरात्री<br>13 | नवमी<br>महानवमी<br>२८<br>14 | विजयादशमी<br>दशैंको टीका<br>२९<br>15 | पापाङ्कुशा एकादशी<br>खाद्य दिवस<br>30<br>16 |


फोन: ०५६-५६०५२९, ५६०५०६ | E-mail: ratna.municipal@gmail.com, agri.ratnanagarmun@gmail.com | Website: www.ratnanagarmun.gov.np

# रत्ननगर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## कृषि विकास शाखा
रत्ननगर, चितवन

**रत्ननगर कृषि क्यालेण्डर**





धान रोप्ने मेशिन र धानको नर्सरी, रत्ननगर ६ चितवन, साना किसान कृषि स.सं. लि. बछयौली

### कार्तिक महिनामा गरिने केही प्रमुख कृषि कर्महरु

**खेतीपाती**
- हिउँदे पतझड फलफूलको नयाँ बगैंचा स्थापना गर्नको लागि रेखाङ्कन गर्ने, खाडल खन्ने र सतहको माटो र मल मिसाई पुर्ने।
- प्रमुख खाद्यान्न बाली धान थन्क्याउने।
- गहुँ लगाउने जग्गाको तयारी गर्ने, अगौंटे काउली, बन्दा आदि बालीमा टप ड्रेसिङ्ग गर्ने।
- धान बारी भित्र चना, केराउ र मुसुरो छर्ने र छिटो पाक्ने धानबाली थन्क्याउने व्यवस्था गर्ने।
- उच्च पहाडमा तुषारोले नर्सरीका कलिला बेर्नाहरु मर्न सक्ने हुँदा नर्सरीमा प्लाष्टिकको छहारी दिने।
- तराई, भित्री मधेश तथा पहाडका बेसीहरुमा तोरी छर्ने।

**पशुपालन**
- हिउँदमा हरियो घाँस उत्पादन गर्न राइजोवियमले बीउ उपचार गरी बरसिम छर्ने र अन्य जै, भेच, लसुन लगायतका घाँसको बीउ छर्ने।
- पशुहरुमा भ्यागुते, चरचरे आदि रोग विरुद्ध पुनः खोप लगाउने।
- माटे, नाम्लेको औषधी खुवाएको ४/५ महिना पुगिसकेको वस्तुलाई नाम्लेको औषधी दोहोऱ्याउने।

### मंसिर महिनामा गरिने केही प्रमुख कृषि कर्महरु

**खेतीपाती**
- बजारको अवस्था हेरी सुन्तला जातका फलफूलहरु टिप्ने र समुचित ढङ्गले ग्रेडिङ एवं भण्डार गर्ने।
- तराईमा गहुँ छरि सक्नु पर्ने र किम्बुको नर्सरी राख्ने।
- पहाडमा गहुँ छरेको २०/३० दिनभित्र युरियाले टप ड्रेसिङ गरी सिंचाइ गर्ने।
- तराईमा प्लाष्टिक टनेलभित्र बेमौसमी तरकारी, भेडेखुर्सानी, काँक्रो आदि लगाउने।
- प्रमुख खाद्यान्नबाली धान राम्रोसँग पाकेपछि काट्ने र सुकाएर भण्डारण गर्ने।
- तराईमा माछा पोखरीमा ई.यू.एस. रोग देखा पर्न सक्ने भएकाले रोग नियन्त्रणका उपाय अपनाउने।

**पशुपालन**
- असोजमा छरेको जै घाँस काटी युरिया टप ड्रेस गरी सिंचाई गर्ने।

## कार्तिक २०७८ — Oct./Nov. 2021

| आइतबार SUN | सोमबार MON | मङ्गलबार TUE | बुधबार WED | बिहीबार THU | शुक्रबार FRI | शनिबार SAT |
|---|---|---|---|---|---|---|
| | त्रयोदशी<br>१<br>Oct. 18 | चतुर्दशी<br>कोजाग्रत व्रत<br>२<br>19 | पूर्णिमा<br>कार्तिकस्नानारम्भः<br>पूर्णिमा व्रत<br>३<br>20 | प्रतिपदा<br>४<br>21 | द्वितीया<br>५<br>22 | तृतीया<br>६<br>23 |
| चतुर्थी<br>संयुक्त राष्ट्रसंघ दिवस<br>७<br>24 | पञ्चमी<br>८<br>25 | षष्ठी<br>९<br>26 | षष्ठी<br>१०<br>27 | सप्तमी<br>११<br>28 | अष्टमी<br>१२<br>29 | नवमी<br>१३<br>30 |
| दशमी<br>१४<br>31 | रमा एकादशी<br>१५<br>Nov. 1 | द्वादशी<br>धनवन्तरी जयन्ती<br>१६<br>2 | त्रयोदशी/चतुर्दशी<br>काग तिहार<br>कुकुर तिहार<br>१७<br>3 | औंशी<br>लक्ष्मी पूजा<br>१८<br>4 | प्रतिपदा<br>गोबर्द्धन पूजा<br>गाई–गोरु तिहार<br>१९<br>5 | द्वितीया<br>भाइ टीका<br>२०<br>6 |
| तृतीया<br>२१<br>7 | चतुर्थी<br>२२<br>8 | पञ्चमी<br>२३<br>9 | षष्ठी<br>छठ पूजा<br>२४<br>10 | सप्तमी<br>फाल्गुनन्द जयन्ती<br>२५<br>11 | अष्टमी<br>२६<br>12 | नवमी<br>२७<br>13 |
| दशमी<br>विश्व मधुमेह दिवस<br>२८<br>14 | हरिबोधिनी एकादशी<br>तुलसी विवाह<br>२९<br>15 | द्वादशी<br>30<br>16 | | अन्नप्राशन मुहूर्ता:<br>११ र १७ गते। | गृहारम्भ मुहूर्ता:<br>३ र २९ गते। | |

## मंसिर २०७८ — Nov./Dec. 2021

| आइतबार SUN | सोमबार MON | मङ्गलबार TUE | बुधबार WED | बिहीबार THU | शुक्रबार FRI | शनिबार SAT |
|---|---|---|---|---|---|---|
| विवाह मुहूर्ता:<br>५,१२,१३, १४, १९, २५, २६ र २७ गते। | अन्नप्राशन मुहूर्ता:<br>८, ९ र १३ गते। | गृहारम्भ मुहूर्ता:<br>२४ र २७ गते। | त्रयोदशी<br>राष्ट्रिय कफी दिवस<br>१<br>Nov. 17 | चतुर्दशी<br>२<br>18 | पूर्णिमा<br>गुरु नानक जयन्ती<br>कार्तिकस्नानसमाप्तिः<br>३<br>19 | प्रतिपदा<br>४<br>20 |
| द्वितीया<br>५<br>21 | तृतीया<br>६<br>22 | चतुर्थी<br>७<br>23 | पञ्चमी<br>८<br>24 | षष्ठी<br>९<br>25 | सप्तमी<br>१०<br>26 | अष्टमी<br>११<br>27 |
| नवमी<br>१२<br>28 | दशमी<br>१३<br>29 | उत्पत्तिका एकादशी<br>१४<br>30 | द्वादशी<br>विश्व एड्स दिवस<br>१५<br>Dec. 1 | त्रयोदशी<br>१६<br>2 | बाला चतुर्दशी<br>वि. अपाङ्गता दिवस<br>सतबीज छर्ने<br>१७<br>3 | औंशी<br>१८<br>4 |
| प्रतिपदा<br>विश्व माटो दिवस<br>१९<br>5 | द्वितीया<br>२०<br>6 | तृतीया/चतुर्थी<br>२१<br>7 | विवाह पञ्चमी<br>२२<br>8 | षष्ठी<br>२३<br>9 | सप्तमी<br>वि. मानवअधिकार दिवस<br>२४<br>10 | अष्टमी<br>२५<br>11 |
| नवमी<br>२६<br>12 | दशमी<br>२७<br>13 | मोक्षदा एकादशी<br>गीता जयन्ती<br>२८<br>14 | द्वादशी<br>२९<br>15 | | | |

रत्ननगर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## कृषि विकास शाखा

रत्ननगर, चितवन

**रत्ननगर कृषि क्यालेण्डर**



हाइटेक तरकारी खेती



चित्रवन कृषि फार्म, रत्ननगर–९, चितवन



प्रशिद्ध एग्रो फार्म, रत्ननगर–१६, चितवन

### पुस महिनामा गरिने केही प्रमुख कृषि कर्महरू

**खेतीपाती**

- हिउँदे आलुलाई उकेरा दिई सिंचाई गर्ने र माथिल्लो क्षेत्रमा वर्षे आलु रोप्ने तयारी गर्ने।
- तल्लो पहाडी भेक र तराईमा प्याज रोप्ने।
- आलु, गोलभेडालाई डढुवा रोगबाट बचाउन सिफारिस गरिएको विषादी छर्ने।
- असोज–कार्तिकमा लगाईएको हिउँदे मकैलाई गोडमेल गरी सिँचाई गर्ने।
- गहुँ छरेको २१/२५ दिनभित्र पहिलो सिंचाई गरी युरिया ३ के.जी. प्रति रोपनीको दरले प्रयोग गर्ने।
- मसुरो बालीमा झारपात हटाई सिंचाई गर्ने।
- काउली, बन्दा वर्गको तरकारी लगाउँदा माटोमा बोरेक्स नमिसाएको भए २ ग्राम बोरेक्स/लि. पानीमा मिसाई स्प्रे गर्ने।
- बेमौसमी तरकारी काँक्रो, फर्सी, लौका उत्पादन गर्नको लागि प्लाष्टिक टनेलमा बेर्ना जमाउने।
- सुन्तला र जुनारमा कलमी गर्ने।
- पतझड फलफूलमा काँटछाँट गर्ने, मौरीलाई चिसोबाट बचाउने र आवश्यक भएमा चिनी चास्नी दिने।

**पशुपालन**

- छिटो बढ्ने डाले घाँसको कटिङ्ग सार्ने।
- जाडोको समयमा मनतातो कुँडोसँग खनिज मिसाएर खुवाउने तथा निश्चित मात्रामा नून दिने। वर्षायाममा हरियो घाँसबाट बनाएको साइलेज खुवाउन शुरु गर्ने।
- पशुवस्तुलाई चिसोबाट जोगाउन गोठलाई सुकेको ढोड, कोदोको नल वा गहुँको छ्वालीले बेर्ने।

### माघ महिनामा गरिने केही प्रमुख कृषि कर्महरू

**खेतीपाती**

- गहुँ बालीमा सिंचाइ गर्ने र दोस्रो टप ड्रेस गर्ने।
- फलफूलमा काँटछाँट गर्ने, मलखाद दिने, सिंचाई गर्ने र फेदमा छापो राख्ने।
- हिउँदे मकै गोडमेल गरी युरियाले टप ड्रेसिङ्ग गर्ने।
- आलु र ताजा तरकारीको बजार व्यवस्थापनमा ध्यान दिने।
- बसन्ते मकै लगाउन जग्गाको तयारी गर्ने, तराई र भित्री मधेशमा लगाईएको आलु भित्र्याउने।
- माघको दोस्रो हप्तादेखि उखु रोप्नु शुरु गर्ने।
- तोरीको कोसाहरु केही सुक्न र पहेलिन थालेपछि काट्ने र चाङ्ग मिलाई राख्ने।
- तराईमा रामतोरीया, घिरौंला, करेला, बेसी र खोचमा सिमी, बोडी, गोलभेंडा, खुर्सानी र मध्य पहाडमा ब्रोकाउली, बन्दा, पालुङ्गो, सिमी, बोडी, लगाउने।

**पशुपालन**

- दुधालु पशुलाई जौ, बर्सिम आदि हरियो घाँस नल वा परालसँग मिसाएर खुवाउने।
- पशुवस्तुलाई चिसोबाट जोगाउन गोठलाई न्यानो पार्ने।

## पौष २०७८ — Dec.21./Jan. 2022

| आइतबार SUN | सोमबार MON | मङ्गलबार TUE | बुधबार WED | बिहीबार THU | शुक्रबार FRI | शनिबार SAT |
|---|---|---|---|---|---|---|
| | अन्नप्राशन मुहूर्त: २३ गते। | | | त्रयोदशी १ Dec. 16 | चतुर्दशी २ 17 | चतुर्दशी ३ 18 |
| धान्य पूर्णिमा उधौली पर्व गेँडु पूजा ४ 19 | प्रतिपदा ५ 20 | द्वितीया ६ 21 | तृतीया ७ 22 | चतुर्थी ८ 23 | पञ्चमी ९ 24 | षष्ठी क्रिसमस–डे १० 25 |
| सप्तमी ११ 26 | अष्टमी १२ 27 | नवमी १३ 28 | दशमी १४ 29 | सफला एकादशी तमु ल्होसार १५ 30 | द्वादशी/त्रयोदशी १६ 31 | चतुर्दशी १७ Jan. 1 |
| औंशी १८ 2 | प्रतिपदा तोल ल्होसार १९ 3 | द्वितीया २० 4 | तृतीया २१ 5 | चतुर्थी २२ 6 | पञ्चमी २३ 7 | षष्ठी २४ 8 |
| सप्तमी २५ 9 | अष्टमी २६ 10 | नवमी राष्ट्रिय एकता दिवस पृथ्वी जयन्ती २७ 11 | दशमी २८ 12 | पुत्रदा एकादशी २९ 13 | द्वादशी ३० 14 | |

## माघ २०७८ — Jan./Feb. 2022

| आइतबार SUN | सोमबार MON | मङ्गलबार TUE | बुधबार WED | बिहीबार THU | शुक्रबार FRI | शनिबार SAT |
|---|---|---|---|---|---|---|
| विवाह मुहूर्ता: ८, ११, १३, २२, २३, २७ र २८ गते। | व्रतबन्ध मुहूर्ता: २० र २८ गते। | अन्नप्राशन मुहूर्ता: १३, २० र २४ गते। | गृहप्रवेश मुहूर्ता: १३ र २८ गते। | | | त्रयोदशी माघे (मकर) संक्रान्ति १ Jan. 15 |
| चतुर्दशी २ 16 | पूर्णिमा श्रीस्वस्थानीव्रतारम्भः ३ 17 | प्रतिपदा ४ 18 | द्वितीया ५ 19 | द्वितीया ६ 20 | तृतीया ७ 21 | चतुर्थी ८ 22 |
| पञ्चमी/षष्ठी ९ 23 | सप्तमी १० 24 | अष्टमी ११ 25 | नवमी १२ 26 | दशमी १३ 27 | षट्तिला एकादशी १४ 28 | द्वादशी १५ 29 |
| त्रयोदशी शहीद दिवस १६ 30 | चतुर्दशी १७ 31 | औंशी १८ Feb. 1 | प्रतिपदा सोनम ल्होसार १९ 2 | द्वितीया २० 3 | तृतीया २१ 4 | चतुर्थी २२ 5 |
| श्रीपञ्चमी सरस्वती पूजा २३ 6 | षष्ठी २४ 7 | सप्तमी २५ 8 | अष्टमी २६ 9 | नवमी २७ 10 | दशमी २८ 11 | भीमा एकादशी २९ 12 |

**फोन**: ०५६-५६०५२९, ५६०५०६ | E-mail: ratna.municipal@gmail.com, agri.ratnanagarmun@gmail.com | Website: www.ratnanagarmun.gov.np

# रत्ननगर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## कृषि विकास शाखा

रत्ननगर, चितवन

**रत्ननगर कृषि क्यालेण्डर**





व्यवसायिक केरा खेती, हिमानी केरा फर्म, रत्ननगर–१२, चितवन

### फागुन महिनामा गरिने केही प्रमुख कृषि कर्महरु

**खेतीपाती**

- मध्य तथा तल्लो पहाडी क्षेत्रमा सिफारिस गरिए अनुसार उन्नत जातको मकै छर्ने।
- केराको तरबार पाते सकरहरु छनौट गरी रोप्ने।
- सुन्तला, केरा र अन्य फलफूलको बोटमा मल राखी सिंचाई गर्ने र छापो राख्ने।
- तराईमा मौरी गोला छुट्याउने।
- तराई, बेसी र खोँचहरुमा रामतोरीया, सिमि, बोडी तथा लहरे तरकारी लगाउने।
- गहुँ खेतमा सिंचाई गर्ने
- सिंचाई सुविधा भएको तराई र बेसीमा चैते धानको बेर्ना तयार गर्न ब्याड राख्ने।
- उखु रोपेको ४५ देखि ६० दिनभित्र प्रथम सिंचाई र त्यसपछि २०–२५ दिनको फरकमा वर्षा शुरु नभएसम्म सिंचाई गर्दै जाने।
- उच्च पहाडमा आलु बाली लगाउने।
- पाकेको तोरी उखेली ३–४ दिन घाममा सुकाई उचित भण्डार गर्ने।

**पशुपालन**

- बरसीम,जौ आदि घाँस काटी वस्तुलाई खुवाउने र युरियाले टप ड्रेसिङ्ग गरी सिंचाई गर्ने।

### चैत महिनामा गरिने केही प्रमुख कृषि कर्महरु

**खेतीपाती**

- चैते धान रोपाई गर्ने, उच्च पहाडी भागमा धानको बीउ राख्न शुरु गर्ने।
- गहुँ, जौ आदि भित्र्याउने र राम्रोसँग सुकाएर भण्डार गर्ने। तराई र भित्री मधेशमा गहुँ काटेपछि मुँगको खेती गर्ने।
- मध्य पहामा फर्सी परिवारका तरकारीहरु, गोलभेंडा, भण्टा, खुर्सानी, भेडेखुर्सानी आदि तरकारीको बेर्ना सार्ने।
- जुकुनी फर्सीलाई फल कुहाउने कीराबाट बचाउन फलको मोटाइ १४ देखि १५ से.मी. हुनासाथ टिप्ने।
- फलफूल बगैंचामा गोडमेल तथा सिंचाई गर्ने र छापो हाल्ने।
- आरुमा लाग्ने पात खुम्चिने रोगबाट बचाउन फूलफुल्न अगावै वा फूल झरिसकेछि ढुसीनाशक विषादीले उपचार गर्ने।
- मकैको बोटहरु छाँटेर गोडमेल गर्ने, सिंचाई गर्ने र युरिया टप ड्रेस गर्ने।
- वर्षे आलुलाई गोडमेल गरी उकेरा दिने र तरकारी बालीमा रोगकीरा नियन्त्रण गर्ने तर्फ ध्यान दिने।
- पहाडको तल्लो र मध्ये भेगमा केराको विरुवा रोप्ने।

**पशुपालन**

- तराईमा घाँसको लागि मकै र टियोसेन्टी जस्ता बालीहरु रोप्ने।
- भ्यागुते, चरचरे र खोरेत रोग लाग्न सक्ने भएकोले बेलैमा सचेत हुनुपर्ने।
- तराई  र भित्री मधेश क्षेत्रमा नाम्ले परजीविको आक्रमणबाट पशुहरुलाई बचाउन यसको रोकथाममा ध्यान दिने।

## फागुन २०७८ — Feb./Mar. 2022

| आइतबार SUN | सोमबार MON | मङ्गलबार TUE | बुधबार WED | बिहीबार THU | शुक्रबार FRI | शनिबार SAT |
|---|---|---|---|---|---|---|
| द्वादशी **१** Feb. 13 | त्रयोदशी **२** 14 | चतुर्दशी **३** 15 | श्रीस्वस्थानीव्रतसमाप्ति पूर्णिमा **४** 16 | प्रतिपदा **५** 17 | द्वितीया **६** 18 | प्रजातन्त्र दिवस तृतीया **७** 19 |
| चतुर्थी **८** 20 | पञ्चमी **९** 21 | षष्ठी **१०** 22 | सप्तमी **११** 23 | अष्टमी **१२** 24 | नवमी **१३** 25 | दशमी **१४** 26 |
| विजया एकादशी/द्वादशी **१५** 27 | त्रयोदशी **१६** 28 | महाशिवरात्री चतुर्दशी **१७** Mar. 1 | औंशी **१८** 2 | ग्याल्पोल्होसार प्रतिपदा **१९** 3 | द्वितीया **२०** 4 | तृतीया **२१** 5 |
| चतुर्थी **२२** 6 | पञ्चमी **२३** 7 | नारी दिवस षष्ठी **२४** 8 | सप्तमी **२५** 9 | अष्टमी **२६** 10 | नवमी **२७** 11 | नवमी **२८** 12 |
| दशमी **२९** 13 | आमलकी एकादशी **३०** 14 | विवाह मुहूर्त: ६ गते। | व्रतबन्ध मुहूर्त: ६ गते। | अन्नप्राशन मुहूर्ता: २, ९ र २० गते। | | |

## चैत २०७८ — Mar./Apr. 2022

| आइतबार SUN | सोमबार MON | मङ्गलबार TUE | बुधबार WED | बिहीबार THU | शुक्रबार FRI | शनिबार SAT |
|---|---|---|---|---|---|---|
| व्रतबन्ध मुहूर्ता: २०, २३, २८ र ३० गते | अन्नप्राशन मुहूर्ता: १६ र २३ गते। | द्वादशी **१** Mar. 15 | त्रयोदशी **२** 16 | पहाडमा होली चतुर्दशी **३** 17 | तराईमा होली पूर्णिमा **४** 18 | प्रतिपदा **५** 19 |
| द्वितीया **६** 20 | तृतीया **७** 21 | विश्व जल दिवस चतुर्थी **८** 22 | पञ्चमी/षष्ठी **९** 23 | सप्तमी **१०** 24 | अष्टमी **११** 25 | नवमी **१२** 26 |
| दशमी **१३** 27 | पापमोचनी एकादशी **१४** 28 | द्वादशी **१५** 29 | त्रयोदशी **१६** 30 | चतुर्दशी **१७** 31 | औंशी **१८** Apr. 1 | प्रतिपदा **१९** 2 |
| राष्ट्रिय सहकारी दिवस द्वितीया **२०** 3 | तृतीया **२१** 4 | चतुर्थी **२२** 5 | पञ्चमी **२३** 6 | षष्ठी **२४** 7 | सप्तमी **२५** 8 | अष्टमी **२६** 9 |
| श्रीराम नवमी **२७** 10 | दशमी **२८** 11 | कामदा एकादशी **२९** 12 | द्वादशी **३०** 13 | | | |

फोन: ०५६-५६०५२९, ५६०५०६ | E-mail: ratna.municipal@gmail.com, agri.ratnanagarmun@gmail.com | Website: www.ratnanagarmun.gov.np